# बौदीकाली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## डेढगाउँ, नवलपरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun

प.स.: २०८२/८३
च.नं.: ३८८

मिति : २०८२/०५/२९

**विषय : कार्यपालिका बैठकमा उपस्थित हुने बारे ।**

श्री उपाध्यक्ष ज्यू,
श्री वडा अध्यक्ष ज्यूहरु, सबै
श्री कार्यपालिका सदस्य ज्यूहरु, सबै ।

बौदीकाली गाउँ कार्यपालिकाको बैठक तपसिलको मिति, समय र स्थानमा हुने भएकोले यहाँको उपस्थितिको लागि आदेशानुसार अनुरोध छ । बैठकका प्रस्तावहरु यसैसाथ संलग्न रहेको छ ।

<u>तपसिल :</u>

मिति : २०८२/०५/३१ गते
स्थान : बौदीकाली गाउँपालिकाको सभाहल
समय : दिनको १२:३० बजे

(बुद्धि प्रसाद सुवेदी)
नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकिय अधिकृत

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

CamScanner

**मिति २०८२/०५/३१ गतेको गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :**

१. भूमि सम्बन्धी समस्याको तथ्यांक संकलन कार्य अद्यावधिक सम्बन्धमा ।

२. कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ संशोधन सम्बन्धमा ।

३. विविध विषयका सम्बन्धमा ।

CamScanner

आज मिति २०८२/०५/३१ गतेका दिन बौदीकाली गाउँपालिकाका अध्यक्ष **श्री प्रकाश ओझा** ज्यूको अध्यक्षतामा बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक तंपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसारको प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :

| क्र.सं. | दस्तखत | नामथर | पद |
|---|---|---|---|
| १ | | श्री प्रकाश ओझा | अध्यक्ष |
| २ | | श्री डिल कुमारी के.सी. सारु मगर | उपाध्यक्ष |
| ३ | | श्री अनिल थापा मगर | वडा अध्यक्ष. वडा नं. १/का.पा.सदस्य |
| ४ | | श्री श्यामसुन्दर श्रेष्ठ | वडा अध्यक्ष, वडा नं. २/का.पा.सदस्य |
| ५ | | श्री तेज बहादुर थापा | वडा अध्यक्ष, वडा नं. ३/का.पा.सदस्य |
| ६ | | श्री मन बहादुर सारु | वडा अध्यक्ष, वडा नं. ४/का.पा.सदस्य |
| ७ | | श्री खिम बहादुर थापा खरु मगर | वडा अध्यक्ष, वडा नं. ५/का.पा.सदस्य |
| ८ | | श्री खुम कुमार सारु मगर | वडा अध्यक्ष, वडा नं. ६/का.पा.सदस्य |
| ९ | | श्री देउमाया रुचाल | कार्यपालिका सदस्य |
| १० | | श्री टिकामाया सार्की | कार्यपालिका सदस्य |
| ११ | तेजमाया | श्री तेजमाया इस्माली गाहा मगर | कार्यपालिका सदस्य |
| १२ | सोमा | श्री सोममाया सार्की | कार्यपालिका सदस्य |
| १३ | | श्री टोपलाल रुचाल | कार्यपालिका सदस्य |
| १४ | | श्री अन्त बहादुर घर्ती | कार्यपालिका सदस्य |
| १५ | | श्री बुद्धि प्रसाद सुवेदी | नि.प्रमुख प्रशासकीय अधिकृत |
| अन्य उपस्थिति | | | |
| | | श्री मिलन श्रेष्ठ | सूचना प्रविधि अधिकृत |
| | | श्री मनोज कोइराला | बौदीकाली गाउँपालिका अध्यक्षको सचिवालय |

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८२/०५/३१ गतेको आ.व. २०८२/०८३ को दोस्रो बैठकका निर्णयहरु :

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८२/०५/३१ गतेको आ.व. २०८२/०८३ को दोस्रो बैठकका निर्णयहरु :

**निर्णय नं.१ :**

प्रस्ताव नं. १ माथि छलफल गर्दा पूर्व बैठकको निर्णय कार्यान्वयनको सन्दर्भमा बैठकमा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं. २ :**

प्रस्ताव नं. २ माथि छलफल गर्दा भूमि समस्या समाधान आयोग, ताहाचल, काठमाडौंको विगतका आयोग, समिति र कार्यदलका बाँकी कामको लागि निवेदन दिने सम्बन्धी दोस्रो र अन्तिम पटकको ३५ (पैंतीस) दिने सूचना (मिति २०८२/०२/२९ र २०८२/०४/३० गते प्रकाशित) अनुसार भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०८१ को परिधि भित्र रहि यस बौदीकाली गाउँपालिकामा तपसिल बमोजिम तथ्यांक संकलन भएको छ । सोहि कार्यविधिको दफा ११ उपदफा १ बमोजिम प्राप्त भएका निवेदनलाई यथाशिघ्र कम्प्युटर प्रणालीमा प्रविष्टि गर्ने निर्णय गरियो । साथै विगतमा संकलन भएका तर कागजात अपुग भएकोले प्रणालीमा प्रविष्टि गर्न नमिलेका निवेदनहरु पनि आवश्यक कागजात पुर्याई कम्प्युटर प्रणालीमा प्रविष्टि गर्ने निर्णय गरियो ।

| क्र.सं. | वडा नं. | भूमिहीन दलित | भूमिहीन सुकुम्वासी | अव्यवस्थित बसोबासी | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ | २ | १ | २३४ | २३७ |
| २ | २ | ६ | १ | २६ | ३३ |
| ३ | ३ | - | - | १८ | १८ |
| ४ | ४ | १ | - | ५४ | ५५ |
| ५ | ५ | - | - | १७ | १७ |
| ६ | ६ | - | - | ६ | ६ |
| जम्मा | | ९ | २ | ३५५ | |

**निर्णय नं. ३ :**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा बौदीकाली गाउँपालिकाको कृषि विकास कार्यान्वयन कार्यविधि, २०७९ संशोधन गरी बौदीकाली गाउँपालिकाको कृषि विकास कार्यान्वयन कार्यविधि, २०८२ (प्रथम संशोधन) पारित गर्ने निर्णय गरियो ।

CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८२/०५/३१ गतेको आ.व. २०८२/०८३ को दोस्रो बैठकका निर्णयहरु :

**निर्णय नं. ४:**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा तपसिलका विविध विषयहरुमा छलफल गरियो ।

- पासा नेवा समाज, बौदीकाली-२, डेढगाउँलाई नेवारी कला संस्कृति संरक्षणमा सहयोग पुर्याउने उद्देश्यले रोपाइँ जात्रा पर्व संचालन गरे वापत "विभिन्न जातजाति तथा कला संरक्षण कार्यक्रम" शिर्षकबाट संलग्न बिल भरपाईको आधारमा रु. १५,०००/- (पन्ध्र हजार मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।
- रालवाङ्टारी मदनस्वारा बाटोमा गएको पहिरो व्यवस्थापन गर्न प्राविधिक प्रतिवेदन सहित विपद व्यवस्थापन समितिमा पेश गर्ने निर्णय गरियो ।
- बौदीकाली-५, बबक स्थित बबक सामुदायिक स्वास्थ्य इकाईमा हालसम्म कार्यालय सहयोगी नरहेको र उक्त इकाईबाट बर्थिङ्ग सेन्टरको कामकाज पनि हुँदै आएकोले सो संस्थामा कार्यालय सहयोगी, ५ नं. वडा कार्यालयको कार्यालय सहयोगी र गाउँकार्यपालिकाको कार्यालयको लागि हलुका सवारी चालक नियुक्तिको लागि सेवा करारमा सूचना प्रकाशन गर्ने निर्णय गरियो । दुवै पदको शैक्षिक योग्यताको सन्दर्भमा सामान्य लेखपढ गर्न सक्ने इच्छुक नेपाली नागरिकले आवेदन पेश गर्न सक्ने व्यवस्था मिलाउने निर्णय गरियो ।
- बौदीकाली आधारभूत अस्पताल संचालनका लागि अस्पताल समिति गठन गरी आर्थिक, प्रशासनिक र सेवा संचालनलाई व्यवस्थित गर्ने लगायत आवश्यक सम्पूर्ण कार्यहरु अबिलम्ब गर्ने भनी निर्णय गरियो ।
- बौदीकाली-२ स्थित बालीघाट सामुदायिक स्वास्थ्य इकाईलाई बौदीकाली आधारभूत अस्पतालमा समायोजन गरी सेवा प्रवाह गर्ने निर्णय गरियो ।
- चाडपर्व (विजयादशमी/दीपावली) को बेलामा आफ्नो घरपरिवारबाट टाढा रहि बौदीकाली आधारभूत अस्पताल निरन्तर संचालन गर्न खटिने कर्मचारीलाई आफ्नो Duty अनुसार मुल्यांकन गरी (दशैं/तिहार अवधिभर जम्मा १० बिदाको दिनमा हरेक दिन एक सिफ्टमा दुई जना कर्मचारी खटिने र प्रत्येक कर्मचारीलाई एक सिफ्ट (८ घण्टा duty) बराबरको रु.५००/-) वापत प्रोत्साहन (Incentive) को व्यवस्था गर्ने भनी निर्णय गरियो ।
- बौदीकाली आधारभूत अस्पताल संचालन कार्यविधि, २०८२ पारित गर्ने निर्णय गरियो ।
- आउंदै गरेको चाडपर्व (विजयादशमी/दीपावली) लाई लक्षित गरी सडक मर्मत सम्भारको लागि गाउँपालिकाको ब्याकहो लोडर सहित अन्य ३ वटा ब्याकहो लोडर भाडामा लिई बिग्रिएको सडक सुचारु गर्ने निर्णय गरियो । साथै सम्बन्धित वडाका वडा सदस्यहरुले प्रत्यक्ष निगरानी गरी भाडामा चल्ने ब्याकहो लोडरको दैनिक विवरणको रेकर्ड राखी पूर्वाधार विकास शाखामा पेश गर्ने भनी निर्णय गरियो ।

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८२/०५/३१ गतेको आ.व. २०८२/०८३ को दोस्रो बैठकका निर्णयहरु :

- नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मिति २०८२/०४/०१ गते जारी गरेको प्रेस विज्ञप्ति बमोजिम बौदीकाली गाउँपालिकाको कार्यालय लगायत मातहतका कार्यालयहरु र शैक्षिक संस्थाहरुमा कार्यरत कार्यालय सहयोगीहरुलाई २०८२ साल श्रावण १ गते देखि नै लागू हुने गरी नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिक रु. १९,५५०/- उपलब्ध गराउने निर्णय गरियो ।
- नेपाल सरकार, शहरी विकास मन्त्रालय, स्थानीय पूर्वाधार विकास विभाग, श्रीमहल, ललितपुरको प.सं. २०८२/०८३ च.नं. ३१ मिति २०८२/०५/०३ गतेको सशर्त अनुदान अन्तर्गत बजेट विनियोजन भएका आयोजना संचालन सम्बन्धी पत्र प्राप्त भै व्यहोरा अवगत भयों । उक्त पत्र साथ संलग्न कागजात अनुसार बौदीकाली गाउँपालिकाको लागि निरन्दी खोला मोटरेवल पूल निर्माण, बौदीकाली-१ र बुलिङटार-५ जोड्ने योजनाको लागि रु. ७०,००,०००/- (७० लाख रुपैया मात्र) विनियोजन भएको जानकारी प्राप्त भयो । तर सोहि शिर्षक अन्तर्गत जिल्ला नवलपरासी (ब.सु.पू.) बुलिङटार गाउँपालिकामा पनि बजेट विनियोजन भएकोले बौदीकाली गाउँपालिकामा मोटरेवल पूल निर्माणको लागि स्थान परिवर्तन गर्न सम्बन्धित निकायलाई सिफारिस गर्ने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकामा सशर्त तर्फ संघबाट तोकेर आएका पद (सूचना प्रविधि अधिकृत, रोजगार संयोजक, एम.आई.एस.अपरेटर, फिल्ड सहायक र पोषण स्वयंसेवक) मा कार्यरत कर्मचारीहरु र बौदीकाली गाउँपालिकाको स्रोतबाट तलब भत्ता बुझ्ने सवारी चालक र कार्यालय सहयोगीहरुलाई सामाजिक सुरक्षा कोषमा अविलम्ब आवद्ध गर्ने र अन्य कर्मचारीहरुलाई पनि उक्त कोषमा आवद्ध गर्दै लगिने निर्णय गरियो ।
- आ.व. २०८२/०८३ मा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदान) अनुसार मनोसामाजिक परामर्शकर्ता (सहायकस्तर पाँचौं तह) को लागि ५० प्रतिशत रकम संघ सरकार मार्फत विनियोजन भएकोमा सेवा करारमा कर्मचारी नियुक्तिको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकामा कार्यरत रोजगार संयोजक श्री अर्जुन सुनारलाई सामी फोकल पर्सन तोक्ने निर्णय गरियो ।
- बौदीकाली-१, मिथुकरम स्थित श्री कालीगण्डकी युवा क्लबले पेश गरेको कागजात रुजु गरी बौदीकाली गाउँपालिकाको संस्था दर्ता ऐन, २०७८ बमोजिम उक्त क्लबलाई दर्ता गरी दर्ता प्रमाणपत्र उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८२/०५/३१ गतेको आ.व. २०८२/०८३ को दोस्रो बैठकका निर्णयहरु :

- बौदीकाली-२, डेढगाउँ स्थित श्री संगम युवा क्लबले पेश गरेको कागजात रुजु गरी बौदीकाली गाउँपालिकाको संस्था दर्ता ऐन, २०७८ बमोजिम उक्त क्लबलाई दर्ता गरी दर्ता प्रमाणपत्र उपलब्ध गराउने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकाको एम्बुलेन्स संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२ पारित गर्ने निर्णय गरियो ।
- बौदीकाली आधारभूत अस्पतालको गेट नजिकैको बाटो जिर्ण अवस्थामा रहेकोले प्राविधिक लागत अनुमान बमोजिम "निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च" शिर्षकबाट काम सम्पन्न प्रतिवेदन प्राप्त पश्चात सम्बन्धित पक्षलाई नियमानुसार रकम भुक्तानी दिने निर्णय गरियो।
- सामुदायिक विद्यालयमा कार्यरत विद्यालय कर्मचारीहरु (लेखापाल) को लागि अघिल्लो आ.व.मा गाउँपालिकाबाट रु. ५१७५/- थप गरिएकोमा चालु आ.व. २०८२/०८३ को साउन १ गते देखि लागू हुने गरी सो रकममा वृद्धि गरी रु. ८०५०/- पुर्याउने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकाको विकास निर्माण कार्यमा ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदिजन्य तथा खानीजन्य पदार्थको अभाव हुन नदिई सहज आपूर्ति गर्न यस्ता निर्माण सामाग्रीको अनियन्त्रित दोहनलाई निरुत्साहित गरी दिगो उपयोग गर्न र यस क्षेत्रबाट प्राप्त हुने रोयल्टी संकलनलाई व्यवस्थित गर्न तथा गाउँपालिकालाई ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुको बिक्रि गर्ने अधिकारको उपयोग गर्न प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएका तपसिलका कालीगण्डकी नदि किनारका घाट/बगर क्षेत्रहरुबाट नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदिजन्य तथा खानीजन्य पदार्थ) बिक्रि वितरणका लागि आय ठेक्का प्रक्रिया बन्दोबस्त गर्ने निर्णय गरियो ।

  <u>तपसिल :</u>

  बौदीकाली-१ स्थित माइतीघाट क्षेत्र
  बौदीकाली-२ स्थित खर्सानघाट क्षेत्र
  बौदीकाली-३ स्थित खैरेनीघाट क्षेत्र
  बौदीकाली-३ स्थित साँघुरी घाट क्षेत्र

  साथै नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन् वा संकलन गर्न तोकिएको स्थलमा स्वीकृत परिमाण भन्दा बढी उत्खनन् र संकलन हुन नदिन संकलन वा उत्खनन् आदेश दिनुपूर्व प्राविधिकबाट गरिएको नापजांच तथा रेखांकनका आधारमा निर्धारित क्षेत्रहरुमा लाइन लेभलको समेत व्यवस्था गर्ने निर्णय गरियो ।
- नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता लिन, पेन्सन बुझ्न, पासपोर्ट बनाउन, चल-अचल सम्पत्ति खरिद विक्री गर्न, बैंक तथा वित्तीय संस्थामा खाता खोल्न, ऋण लिन, राहत वा अनुदान

लिन, बिजुली पानी टेलिफोन सेवा लिन, मतदान गर्न जस्ता अति आवश्यक सेवामा राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गर्न लागेको हुँदा नागरिकता प्रमाणपत्र प्राप्त सबै व्यक्तिले आफ्नो पालिकाको सम्बन्धित वडामा गई राष्ट्रिय परिचयको लागि विवरण दर्ता गराउने भनी राष्ट्रिय परिचयपत्र तथा पंजीकरण विभाग, सिंहदरबार, काठमाडौंले सूचना जारी गरे अनुसार सो कार्यका लागि ताहाँ विभागबाट यस गाउँपालिकामा खटिएका कर्मचारीलाई तथ्यांक प्रविष्टि गर्ने लाग्ने समयसम्मका लागि आवास तथा खाना र खाजाको व्यवस्था गर्ने निर्णय गरियो ।

CamScanner